मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेसनल माउन्टेन म्युजियम, पचभैया बन्दाइन्जु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९ फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क: ०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २०४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ साउन २३ गते शनिवार ❑ 8 Aug. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## संविधान संशोधन गर्दा संविधानभित्रका संवेदनशीलता बुझ्नुपर्छः सभापति थापा

**पोखरापत्र संवाददाता**
पोखरा, २२ साउन

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले संविधानमा समसामयिक विषय संशोधन हुनसक्ने भए पनि त्यस भित्रका संवेदनशीलता बुझ्नुपर्ने पर्नेमा जोड दिनुभएको छ।

नेपाल लोकतान्त्रिक आदिवासी जनजाति महासङ्घको दोस्रो राष्ट्रिय सम्मेलनको उद्घाटन समारोहलाई शुक्रबार सम्बोधन गर्दै सभापति थापाले संविधान भित्रका संवेदनशीलता बुझ्न नसके मुलुक दुर्घटनामा जान सक्ने धारणा व्यक्त गर्नुभयो । उहाँले संविधानमा नागरिकले प्राप्त गरेका हकअधिकार बढाउनुपर्नेमा जोड दिनुभयो।

सभापति थापाले कांग्रेस मुलुकको राष्ट्रिय पार्टी र राष्ट्रिय शक्ति भएको बताउँदै मुलुकमा ठूला सङ्कट आउँदा समाधान गर्ने र लोकतान्त्रिक आन्दोलन तथा संविधान सभाबाट संविधान जारी गर्नेसम्मका कार्य कांग्रेसको नेतृत्व मै सफलता प्राप्त भएको बताउनुभयो । सभापति थापाले भन्नुभयो, "लोकतन्त्रमा सरकार जति महत्वपूर्ण हुन्छ, प्रतिपक्ष पनि त्यति नै महत्वपूर्ण हुन्छ, प्रतिपक्षी दलका नाताले हामीले सरकारलाई निरन्तर खबरदारी गर्नुपर्छ ।" उहाँले लोकतन्त्रमा सबै नागरिक समान हुने र कानुन भन्दा माथि कोही पनि नहुदै बताउनुभयो ।

कार्यक्रममा कांग्रेस संसदीय दलका नेता भीष्मराज आङदेम्बेले आदिवासी जनजातिको पहिचानसँग गासिएका हकअधिकारको रक्षाका लागि सरोकारवाला सबै सचेत हुनुपर्नेमा जोड दिनुभयो । ठूलो बलिदानीले लडेर ल्याएको आदिवासी जनजातिको पहिचानसँग जोडिएका संविधानको उपलब्धी जोगाउन सचेत हुनुपर्ने बताउनुभयो ।

नेता आङदेम्बेले प्राप्त संवैधानिक अधिकार बचाएर लैजानुपर्ने र लोकप्रियताको नाममा यसलाई समाप्त पार्ने षड्यन्त्र हुनसक्ने उल्लेख गर्दै त्यस्ता प्रवृति तथा पात्रप्रति सचेत हुनुपर्ने उल्लेख गर्नुभयो । नेता आङदेम्बेले कांग्रेसले नै त्यो उपलब्धिलाई जोगाउन सक्ने विश्वास दिलाउँदै यी अधिकार पनि व्यवहारमा उतार्न पनि कांग्रेस नेतृत्वको आवश्यकता औंल्याउनुभयो । उहाँले आदिवासी, जनजाति, महिला, मधेसी, पिछडिएका सबै वर्ग र समुदायका आवाज सबैले बोल्नुपर्ने बताउनुभयो ।

## पोखरा सार्वजनिक पुस्तकालय 'पोखरा घर'मा

**पोखरापत्र संवाददाता**
पोखरा, २२ साउन

पोखरा सार्वजनिक पुस्तकालय पोखरा महानगरपालिका-९ पृथ्वीचोकमा नवनिर्मित 'पोखरा घर'मा सरेको छ । यसअघि नयाँबजारस्थित क्षेत्री समाजको भवनबाट पुस्तकालय सञ्चालित थियो ।



तीन वर्षअघि महेन्द्रपुलमा रहेको पुरानो पुस्तकालय भवन हटाएर महानगरले झण्डा उद्यान बनाएपछि पुस्तकालयलाई अस्थायी रुपमा क्षेत्री समाज भवनमा सारिएको थियो । पोखराको चिनारी दिने गरी महानगरले बनाएको 'पोखरा घर'बाट पुस्तकालय सेवा सुरु गरिएको पुस्तकालय सञ्चालक समितिका उपाध्यक्ष शिरोमणि बरालले बताउनुभयो ।

पुस्तकालय सरेसँगै नयाँ भवनमा आन्तरिक सजावट र व्यवस्थापनका काम भइरहेको उहाँको भनाइ छ । पुस्तकालय सञ्चालनका लागि भवनको तलासँगै फर्निचरलगायतका सामग्री महानगरले उपलब्ध गराएको उपाध्यक्ष बरालले बताउनुभयो । विसं २०४९ मा स्थापना भएको यस पुस्तकालयमा विभिन्न विधाका १२ हजारभन्दा बढी पुस्तक सङ्ग्रहित छन् । पोखरा महानगरपालिकासँगको सहकार्य र समन्वयमा पुस्तकालय थप व्यवस्थित र दिगो ढङ्गले सञ्चालन हुने बताइएको छ । "पोखरामा पठन संस्कृतिको विकासमा यो पुस्तकालयको ठूलो योगदान छ", उपाध्यक्ष बरालले भन्नुभयो, "पुस्तकालयलाई प्रविधिमैत्री बनाउँदै समयानुकूल रुपान्तरणमा जोड दिन्छौं ।" विद्युतीय पुस्तकालयलाई पनि थप व्यवस्थित गरिने समितिले जनाएको छ । हालै निर्माण सम्पन्न भएको 'पोखरा घर'को उद्घाटन हुन बाँकी छ । सोही घरमा आर्ट ग्यालरी, एकीकृत सूचना केन्द्र, कोसेली घर र पोखरा प्रज्ञा प्रतिष्ठानको कार्यालय रहने बताइएको छ। दुई वर्षअघि निर्माण थालिएको 'पोखरा घर'लाई छिट्टै पूर्ण रुपमा सञ्चालनमा ल्याउने महानगरको तयारी छ । भूमिगत पार्किङसहितको 'पोखरा घर' पर्यटकका लागि आकर्षण बन्ने विश्वास लिइएको छ। रु पाँच करोड एक लाख ४६ हजारको लागतमा बनेको यस अपाङ्गमैत्री भवनमा विद्युतीय भऱ्याङ (लिफ्ट) को समेत सुविधा रहेको छ। 'पोखरा घर'लाई परम्परागत वास्तुकलासहित आधुनिक प्रविधि र सामग्रीको प्रयोग गरेर निर्माण गरिएको छ।

## 'परराष्ट्र नीतिको केन्द्रमा आर्थिक कूटनीति छ'

**रासस**
काठमाडौं, २२ साउन

परराष्ट्रमन्त्री शिशिर खनालले मुलुकको परराष्ट्र नीतिको केन्द्रमा आर्थिक कूटनीति रहेको बताउनुएको छ।

'बहुध्रुवीय विश्वमा चीन र दक्षिण एसियाः विकसित क्षेत्रीय व्यवस्थामा चीन-भारत-नेपाल त्रिपक्षीय सम्बन्ध' शीर्षकमा ललितपुरमा शुक्रबार आयोजित अन्तराष्ट्रिय सम्मेलनमा उहाँले उक्त कुरा बताउनुभएको हो ।



उहाँले आर्थिक कूटनीतिको उद्देश्य नेपाली नागरिकको जीवनस्तरमा सुधार ल्याउनु तथा व्यापार, लगानी, रोजगारी, उद्यमशीलता, पर्यटन, प्रविधि, नवप्रवर्तन र दिगो विकासका अवसर सिर्जना गर्नु हो भन्नुभयो । परराष्ट्रमन्त्रीको सचिवालयका अनुसार चीन र दक्षिण एसियाबीच आर्थिक, व्यापारिक तथा जनस्तरीय सहकार्य विस्तार गर्न नेपालले गतिशील पुलको भूमिका निर्वाह गर्नसक्ने बताउँदै परराष्ट्रमन्त्री खनालले आफ्ना दुवै छिमेकीसँग सार्वभौम समानता, पारस्परिक सम्मान, पारस्परिक हित तथा एकअर्काका चासोप्रति नेपाल संवेदनशील रहेको बताउनुभयो ।

उहाँले एसियाको तीव्र आर्थिक रुपान्तरणले साझा समृद्धिका लागि अभूतपूर्व अवसर सिर्जना गरेको बताउँदै सहकार्य नै दिगो विकास र दीर्घकालीन समृद्धिको भरपर्दो माध्यम हो भन्नुभयो ।

"आर्थिक कूटनीति हाम्रो परराष्ट्र नीतिको केन्द्रीय प्राथमिकता बनेको छ । नेपाल दिगो, समावेशी र उत्थानशील विकासका लागि सबै मित्रराष्ट्रसँग सहकार्य गर्न तयार छ," परराष्ट्रमन्त्रीले भन्नुभयो । चीन र भारतको आर्थिक उन्नतिले नेपालसहित छिमेकी मुलुकलाई व्यापार विस्तार, लगानी आकर्षण, पूर्वाधार तथा 'कनेक्टिभिटी' विकास, पर्यटन प्रवर्द्धन र आर्थिक सहकार्य विस्तारका नयाँ अवसर प्रदान गरेको उहाँले बताउनुभयो । दक्षिण एसियामा आर्थिक विकासका व्यापक सम्भावना भए पनि अपेक्षाकृत क्षेत्रीय आर्थिक एकीकरण हुन नसकेको वास्तविकता सुनाउँदै परराष्ट्रमन्त्रीले कनेक्टिभिटी, सहज व्यापार, लगानी प्रवाह तथा आपूर्ति शृं ला सुदृढ गर्न सकेमा यो समृद्ध बन्न लामो समय नलाग्ने बताउनुभयो । "हाम्रो सहकार्यको सफलता हामीले कति सम्झौता गर्यौं भन्ने होइन, आफ्ना नागरिकका लागि कति अवसर सिर्जना गर्न सक्यौं भन्ने आधारमा मापन हुनुपर्छ," उहाँले भन्नुभयो ।

वर्तमान सरकारले आर्थिक रूपान्तरणलाई राष्ट्रिय प्राथमिकतामा राखेको दोहोऱ्याउँदै उहाँले गुणस्तरीय लगानी, पूर्वाधार विकास, निर्यात प्रवर्द्धन, पर्यटन, स्वच्छ ऊर्जा, डिजिटल रूपान्तरण, नवप्रवर्तन तथा निजी क्षेत्रको विकासमा विशेष जोड दिएको बताउनुभयो । चीन र भारतको विकासलाई मुलुकको आर्थिक उन्नयनका लागि अवसरका रुपमा लिइएको बताउँदै उहाँले देशलाई भूपरिवेष्टित मुलुकबाट चीन र दक्षिण एसियालाई जोड्ने गतिशील पुलका रूपमा विकास गर्ने सरकारको लक्ष्य रहेको स्पष्ट पार्नुभयो । भगवान् बुद्धको जन्मस्थल, गुरु पद्मसम्भवको आध्यात्मिक विरासत, सगरमाथा तथा विश्व सम्पदा सूचीका अनेक सम्पदाले मुलुकको सौम्य शक्तिलाई अझ सुदृढ बनाएको उहाँको कथन थियो ।उहाँले क्षेत्रीय सहकार्य, ऊर्जा सुरक्षा, जलवायु परिवर्तन, डिजिटल रूपान्तरण, अनुसन्धान, नवप्रवर्तन तथा जनस्तरीय सम्बन्धलाई अझ सुदृढ बनाउनुपर्ने आवश्यकता औंल्याउँदै विश्वविद्यालय, अनुसन्धान एवं विद्वत् संस्था तथाबीचको सहकार्यलाई पनि सशक्त बनाउनुपर्नेमा जोड दिनुभयो ।बहुध्रुवीय विश्वमा विश्वास, पारस्परिक सम्मान र साझा हितमा आधारित साझेदारी निर्माण गर्नुपर्नेमा जोड दिँदै परराष्ट्रमन्त्री खनालले नेपाल त्यस दिशामा रचनात्मक र सकारात्मक भूमिका निर्वाह गर्न प्रतिबद्ध रहेको बताउनुभयो । नेपाल इन्स्टिच्युट फर इन्टरनेसनल कोअपरेसन एन्ड इन्गेजमेन्ट र फुदान विश्वविद्यालयको दक्षिण एसिया अध्ययन केन्द्रको संयुक्त आयोजनामा सम्मेलन भएको हो ।


## एसियाड तयारीलाई बक्सिङ टोली भारत जाँदै

**रासस**
काठमाडौं, २२ साउन

बक्सिङ टोलीले बीसौँ एसियाली खेलकुदको तयारी प्रशिक्षण भारतको आसामस्थित गुवाहटीमा गर्ने भएको छ । यसका लागि सात खेलाडीसहित नौ सदस्यीय नेपाली टोली सोमबार भारत जाँदैछ ।

जापानको आइची/नागोयामा आगामी असोज ३ गतेदेखि सुरु हुने एसियाली खेलकुदमा चार पुरुष र तीन महिला मुक्केवाजले नेपालको चुनौती पेस गर्नेछन् । पुरुष ५५ केजीमुनि चन्द्रबहादुर थापा, ६० केजीमुनि खगेन्द्र रोकामगर, ७० केजीमुनि दानबहादुर दर्लामी र ९०

बाँकी अन्तिम पृष्ठमा ▶▶




## ब्रोड पिकमा ज्यान गुमाएका पर्वतारोहीहरूप्रति पोखरामा श्रद्धाञ्जली तथा दीप प्रज्वलन

**पोखरापत्र संवाददाता**
पोखरा, २२ साउन

पाकिस्तानमा रहेको ब्रोड पिक हिमाल आरोहणका क्रममा हिमपहिरोमा परी ज्यान गुमाएका साहसी नेपाली पर्वतारोहीहरूप्रति युवा नेपाल समिति कास्कीको आयोजनामा भावपूर्ण श्रद्धाञ्जली तथा दीप प्रज्वलन कार्यक्रम सम्पन्न भएको छ।




कार्यक्रममा ब्रोड पिक आरोहणका क्रममा ज्यान गुमाएका चर्चित पर्वतारोही निर्मल पुर्जा (निम्स दाई), पुर बहादुर गुरुङ (युक्ता), निमा शेर्पा, किली पेम्बा शेर्पा (किलु), ग्यालु शेर्पा र नवाङ थिन्दु शेर्पासहितका वीर नक्षत्रहरूप्रति सम्मान व्यक्त गर्दै दीप प्रज्वलन गरिएको थियो ।

साहसका प्रतीक तथा पर्वतारोहणका वीर नक्षत्रहरूका रूपमा उहाँहरूको योगदानको स्मरण गर्दै उपस्थित सहभागीहरूले आत्माको चीर शान्तिको कामना र भावपूर्ण श्रद्धाञ्जली अर्पण गरेका थिए ।

उक्त श्रद्धाञ्जली तथा दीप प्रज्वलन कार्यक्रममा रेवानका पूर्व अध्यक्ष चौ बहादुर गुरुङ, योग प्रशिक्षक जमुना थापा, गण्डकी प्रज्ञा प्रतिष्ठानका प्राज्ञ कमल पौडेल अथक, व्यवसायी रामचन्द्र लामिछाने, समितिका सल्लाहकार जय प्रकाश थापा, युवा नेपाल समिति कास्कीका अध्यक्ष सोचना सेन ठकुरी, सचिव सरिता हमाल लगायत विभिन्न व्यक्तित्वहरूको उपस्थिति रहेको थियो ।

# पोखरामा बीवाईडीको पूर्ण थ्री-एस सुविधा सञ्चालनमा, आधिकारिक सर्भिस सेन्टर उद्घाटन

**पोखरापत्र संवाददाता**
पोखरा, २२ साउन

नेपालका लागि बीवाईडी अटो इन्डष्ट्री कम्पनी लिमिटेडको आधिकारिक वितरक साइमेक्स इंक प्रा.लि.ले आफ्नो आधिकारिक डिलर फ्ल्यास मोबिलिटी प्रा.लि.मार्फत पोखरामा बीवाईडीको आधिकारिक सर्भिस सेन्टर सञ्चालनमा ल्याएको छ। पोखरा महानगरपालिका-१०, बुद्धचोकस्थित नयाँ सर्भिस सेन्टरसँगै पोखरामा बीवाईडीको थ्री-एस (सेल्स, सर्भिस तथा स्पेयर पाट्र्स) सुविधा पूर्ण रूपमा सञ्चालनमा आएको कम्पनीले जनाएको छ।

गण्डकी प्रदेश तथा आसपासका क्षेत्रका बीवाईडी ग्राहकले अझ सहज, भरपर्दो र स्तरीय बिक्रीपछिको सेवा आफ्नै क्षेत्रमा प्राप्त गर्ने भएको कम्पनीका प्रमेश्वर पराजुलीले बताउनु भयो। सर्भिस सेन्टरको उद्घाटन पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले शुक्रबार गर्नुभयो। बीवाईडीले नेपालभर बिक्रीपछिको सेवा सञ्जाललाई तीव्र रूपमा विस्तार गरिरहेको अवस्थामा पोखरामा आधिकारिक सर्भिस सेन्टर सञ्चालनमा आउनुलाई कम्पनीले अर्को महत्वपूर्ण उपलब्धिका रूपमा लिएको छ।



ग्राहकलाई सवारी खरिदपछिको सम्पूर्ण अवधिभर उत्कृष्ट र इमानदार सेवा प्रदान गर्न मेयर आचार्यले आग्रह गर्नुभयो।

यसअघि पोखराका बीवाईडी ग्राहकले कम्पनीबाट तालिमप्राप्त थर्ड-पार्टी सर्भिस पार्टनरमार्फत सेवा लिँदै आएका थिए। आधिकारिक बीवाईडी सर्भिस सेन्टर सञ्चालनमा आएपछि ग्राहकले कम्पनीकै आधिकारिक सेवा सञ्जालमार्फत अत्याधुनिक प्राविधिक सेवा, जेन्युइन स्पेयर पाट्र्स, विशेष उपकरण तथा कम्पनीबाट तालिमप्राप्त प्राविधिकको सेवा प्राप्त गर्न सक्ने साइमेक्स इंकका हेड अफ सर्भिस सुशील तण्डुकारले भन्नुभयो। "पोखरामा आधिकारिक बीवाईडी सर्भिस सेन्टर सञ्चालनमा ल्याउनु भनेको विश्वस्तरीय पूर्वाधार, दक्ष प्राविधिक, जेन्युइन स्पेयर पाट्र्स तथा ग्राहक-केन्द्रित सेवामार्फत उत्कृष्ट र इमानदार सेवा प्रदान गर्ने हाम्रो प्रतिबद्धताको निरन्तरता हो। नेपालमा विद्युतीय सवारीको बजार विस्तार हुँदै गइरहेका बेला हामी देशव्यापी सेवा सञ्जाललाई थप सुदृढ बनाउँदै प्रत्येक बीवाईडी ग्राहकलाई पूर्ण विश्वास र सहजता प्रदान गर्न प्रतिबद्ध छौं।" उहाँले भन्नुभयो।

करिब ७ हजार २ सय ३३ वर्गफिट क्षेत्रफलमा फैलिएको यो अत्याधुनिक सर्भिस सेन्टर विशेष रूपमा विद्युतीय सवारीसाधनको मर्मत तथा सेवा आवश्यकतालाई ध्यानमा राखेर निर्माण गरिएको हो। यहाँ चारवटा आधुनिक भेइकल लिफ्ट, छुट्टाछुट्टै मर्मत क्षेत्र, हाई-भोल्टेज प्रणालीका लागि विशेष कार्यक्षेत्र, जेन्युइन बीवाईडी स्पेयर पाट्र्स स्टोरेज तथा समर्पित भेइकल वासिङ बेको व्यवस्था गरिएको छ। दैनिक १५ देखि १६ वटा सवारीसाधनलाई सेवा प्रदान गर्न सक्ने क्षमतायुक्त यस सर्भिस सेन्टरबाट ग्राहकको प्रतीक्षा समय घट्नुका साथै सेवा अझ छिटो, प्रभावकारी र गुणस्तरीय हुने अपेक्षा गरिएको छ। सर्भिस सेन्टरमा नियमित मर्मत सेवा, ब्याट्री परीक्षण, मेकानिकल तथा इलेक्ट्रिकल रिपेयर, डेन्ट तथा पेन्ट सेवा, रोडसाइड असिस्टेन्स, वारेन्टी सर्भिस, जेन्युइन स्पेयर पाट्र्स तथा डेडिकेटेड सर्भिस एडभाइजर र सीआरएम टोलीमार्फत व्यक्तिगत ग्राहक सेवा उपलब्ध हुनेछ।

पोखरामा आधिकारिक सर्भिस सेन्टर सञ्चालनमा आउनुलाई नेपालको अटोमोबाइल उद्योगका लागि पनि महत्वपूर्ण उपलब्धिका रूपमा हेरिएको छ। नेपालको नम्बर १ विद्युतीय सवारी ब्रान्डका रूपमा स्थापित बीवाईडीले नवीन प्रविधियुक्त सवारीका साथै विश्वस्तरीय सर्भिस इकोसिस्टम निर्माणमा निरन्तर लगानी गर्दै आएको कम्पनीका शिशिर सुवेदीले बताउनु भयो।

पोखरामा आधिकारिक बीवाईडी सर्भिस सेन्टर सञ्चालनमा आउनुले देशभरका ग्राहकलाई अझ सहज, भरपर्दो र गुणस्तरीय सेवा उपलब्ध गराउने कम्पनीको दीर्घकालीन रणनीतिलाई थप सुदृढ बनाउने विश्वास गरिएको उहाँले जनाउनु भयो।

# जन्मदिनमा: साटिएको चेतना र रोपिएको बृक्ष

**पोखरापत्र संवाददाता**
पोखरा, २२ साउन

भौतिक तडकभडक, महँगा भोजभतेर र तस्बिर खिचाउने होडबाजीबाट अलग्गिएर एउटा सानो बालकको मनमा उब्जिएको निश्छल विचारले कसरी समाजमा गहिरो सकारात्मक प्रभाव पार्न सक्छ भन्ने एउटा सुन्दर उदाहरण पोखरामा देखिएको छ।

पोखरा महानगरपालिका वडा नं. १३ का वडाध्यक्ष किरण बराल र शर्मिला बरालका सुपुत्र श्री सायन बरालको जन्मदिनको पावन अवसरलाई केवल एउटा व्यक्तिगत उत्सवमा सीमित नराखी, वडा नं. १३ स्थित शिमला आधारभूत विद्यालयका बालबालिकाहरूसँग खुसी, अन्तरसंवाद र सहयोग साटासाट गर्दै एक भावनात्मक पर्वका रूपमा मनाइएको छ।

मानव जीवनमा जन्मदिन केवल उमेरको एउटा अङ्क थपिनु मात्र होइन, बरु संसारप्रति आफ्नो उत्तरदायित्व बोध गर्ने एउटा नयाँ प्रस्थानविन्दु पनि हो। बालक सायन बरालको मनमा अंकुरित भएको यही पवित्र दर्शनको परिणाम स्वरूप, उहाँले आफन्तहरूबाट माया र आशीर्वाद स्वरूप प्राप्त भएको रु. १५,००० (पन्ध्र हजार) बराबरको रकमलाई शैक्षिक तथा खेलकुद सामग्रीमा रूपान्तरण गरी विद्यालयका विद्यार्थी तथा विद्यालयलाई हस्तान्तरण गर्नुभयो। भौतिक वस्तुभन्दा ज्ञानको ज्योति र मित्रताको दायरा ठूलो हुन्छ भन्ने गहिरो अनुभूति गराउने यो कार्य आफैँमा एउटा उदाहरणीय र दार्शनिक सन्देश बनेको छ। त्यस्तै, सहकार्य र दीगो मित्रताको प्रतीकका रूपमा विद्यालय परिसरमा एउटा समी जातको बिरुवा पनि रोपण गरियो। जसरी एउटा बिरुवाले समयक्रमसँगै जरा





गाड्दै छहारी र जीवन दिन्छ, त्यसैगरी बाल्यकालमा रोपिएको यो आत्मीयता र निश्छल मित्रताको सम्बन्धले आगामी दिनहरूमा अझ प्रगाढ रूप लिने विश्वास लिइएको छ। खुसी, नयाँ अनुभव र हार्दिकतालाई एउटै सूत्रमा बाँध्ने यो पवित्र अभियानको व्यवस्थापन वडा शिक्षा समितिका शैक्षिक संयोजक राजेन्द्र भण्डारीले गर्नुभएको थियो।

कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै शैक्षिक संयोजक भण्डारीले थप्दै भन्नुभयो, "यो केवल एउटा विद्यालयको एकांकी घटना नभई, यस्ता संस्कारयुक्त र अर्थपूर्ण कार्यक्रमहरू आगामी दिनहरूमा वडाभित्रका अन्य विद्यालयहरूमा पनि निरन्तर सञ्चालन गरिनेछ।" कार्यक्रममा विद्यालयका प्रधानाध्यापक देवेन्द्र परियारले उपस्थित सम्पूर्ण अतिथिहरू, अभिभावक तथा बालबालिकाहरूलाई हार्दिक स्वागत गर्नुभएको थियो।

स्वागत मन्तव्यका क्रममा उहाँले यस्ता कार्यक्रमहरूले बालबालिकाहरूमा सामाजिक उत्तरदायित्व, दया र भ्रातृत्वको भावना अभिवृद्धि गर्ने बताउनुभयो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक-अभिभावक सङ्घका अध्यक्ष तथा स्थानीय अभिभावकहरूको उपस्थिति रहेको उक्त कार्यक्रमले बालबालिकाको मनमा समाजसेवा र भ्रातृत्वको बीज रोपण गरेको छ। आडम्बरयुक्त उत्सवभन्दा बालबालिकाका बीचमा पुगेर खुशी, हाँसो र आत्मीयता साट्ने यो प्रयासले समृद्ध र सुसंस्कृत समाज निर्माणको दिशामा एउटा बलियो इट्टा थपेको छ।

# रोटरी क्लब अफ पोखरा लेकसाइडको अध्यक्षमा थापा

**पोखरापत्र संवाददाता**
पोखरा, २२ साउन

रोटरी क्लब अफ पोखरा लेकसाइडको ११ औं पदस्थापन समारोह बिहीबार सम्पन्न भएको छ।

रोटरी क्लब इन्टरनेशनल डिष्ट्रिक्ट ३२९२ (नेपाल-भुटान) का वर्ष २०२६/०२७ का डिजिई प्रा.डा. ईश्वरीप्रसाद ढकालको प्रमुख आतिथ्यमा आयोजित समारोहमा पदस्थापन समारोह भएको हो। प्रमुख अतिथि ढकालले रोटरीको गतिविधि र यसको महत्वबारे प्रकाश पारे। साथै, उनले क्लबको नयाँ कार्यसमितिको सफल कार्यकालको शुभकामना दिए। सो अवसरमा रोटरी वर्ष २०२६/०२७ का लागि अध्यक्ष टोपबहादुर थापा नेतृत्वको कार्यसमितिको पद तथा गोपनीयताको शपथ ग्रहण भयो। वर्ष २०२५/०२६ का अध्यक्ष इन्जिनियर राजेन्द्र लिगलले वर्ष २०२६/०२७ का अध्यक्ष थापालाई पद हस्तान्तरण गरेका हुन्। क्लबको नयाँ कार्यसमितिअन्तर्गत वर्ष २०२६/०२७ मा अध्यक्ष लोकबहादुर थापा, आईपीपी इन्जिनियर राजेन्द्र लिगल, प्रेसिडेन्ट इलेक्ट विश्वदर्शन पराजुली, उपाध्यक्ष लोकबहादुर गुरुङ, सचिव आमोद कोइराला, सहसचिव आयुषा श्रेष्ठ र कोषाध्यक्ष कुलप्रसाद सुवेदी छन्।



एडमिन चेयरमा कृष्णबहादुर थापा, सर्भिस चेयर सुभाष मल्ल, फाउण्डेसन चेयर दीपेन्द्र आचार्य, पब्लिक इमेज चेयर अर्जुनप्रसाद खनाल, मेम्बरसिप चेयर हुम आले, फेलोसिप चेयर नारायण लामिछाने, एडिटर राजन कुमाल, लर्निङ फेसिलिटेटर डा. वीरबहादुर कार्की, युथ लिडर कन्ट्याक्ट उपेन्द्र अधिकारी, मेन्टर जयराम पौडेल र सर्जेन्ट-एट-आम्स शोभाकान्त सिग्देल निर्वाचित भएका हुन्। कार्यक्रममा रोटरीका निवर्तमान डिष्ट्रिक्ट गभर्नर विनोद कोइराला, रोटरी मेम्बरसिप को-अर्डिनेटर सञ्जय गिरी, असिस्टेन्ट डिस्ट्रिक्ट गभर्नर देवेन्द्र पराजुली, चार्टर्ड प्रेसिडेन्ट सुन्दर श्रेष्ठलगायतले रोटरीको महत्व र यसको सर्भिसबारे बोलेका थिए। सो अवसरमा रोटरीको भोकेशनल अवार्डबाट दुर्गाप्रसाद पाण्डे सम्मानित भए। गुल्मीको सत्यवती गाउँपालिकाका सफल व्यवसायी तथा समाजसेवी पाण्डे हाल ६ वटा होटल, तथा ३ विभिन्न टिकेटिङ र ट्राभल एजेन्सीका संचालक छन्। कुनै बखत कामको खोजीमा भारत छिरेका उनी अहिले पोखरामा सफल व्यवसायीको रुपमा चिनिन्छन्। उनले आफ्नै पहलमा बर्सेनि ४ हजार विदेशी पर्यटक भित्र्याउन सफल छन् भने १ सय ७० जनालाई रोजगारी दिलाएको प्रेसिडेन्ट इलेक्ट विश्वदर्शन पराजुलीले बताए। सो अवसरमा क्लबका चार्टर मेम्बर पत्रकार विजय नेपाल रोटरी जर्नो अवार्डबाट पुरस्कृत भएकामा बधाईसहित सम्मानपत्र प्रदान गरिएको थियो। क्लबका पूर्व अध्यक्ष जयराम पौडेलले प्रमुख अतिथिको परिचय गराए भने पूर्व अध्यक्ष अर्जुन खनालले रोटरी वर्ष २०२६/०२७ का अध्यक्ष टोपबहादुर थापाको परिचय दिए। अध्यक्ष थापाले सहयोगी सम्पूर्णलाई धन्यवाद दिँदै भावी कार्ययोजना प्रस्तुत गरे। क्लबका वर्ष २०२६/०२७ का उपाध्यक्ष एवं निवर्तमान सचिव लोकबहादुर गुरुङले क्लबले वर्षभरी गरेका कार्यक्रमबारे प्रकाश पारे। उनका अनुसार क्लबले नियमित कार्यक्रमसहित डिजी भिजिट, रक्तदान, होम स्टे, पिकनिक, विद्यालयमा सचेतना कार्यक्रमलगायत कार्यक्रम गरेको थियो। कार्यक्रममा स्वागत क्लबका पूर्व अध्यक्ष एवं कार्यक्रम संयोजक उपेन्द्र अधिकारीले गरे।

वर्ष २०२५/०२६ र वर्ष २०२६/०२७ का सचिव क्रमशः लोकबहादुर गुरुङ र आमोद कोइरालाले संयुक्तरुपमा कार्यक्रम संचालन गरे। सहसचिव आयुषा श्रेष्ठले रोटरीको परियोजनालगायतबारे बोलेकी थिइन्। धन्यवाद ज्ञापन क्लबका पूर्व अध्यक्ष तथा सर्जेन्ट-एट-आम्स पत्रकार शोभाकान्त सिग्देलले गरे। सो अवसरमा क्लबद्वारा बर्सेनि प्रकाशित हुने गरेको स्मारिका 'द फेवा' विमोचन गरियो। उक्त स्मारिका क्लब एडिटर राजन कुमालको सम्पादकत्वमा प्रकाशित भएको हो। जसको सदस्यमा उपेन्द्र अधिकारी, राजेन्द्र लिगल, टोपबहादुर थापा, विश्वदर्शन पराजुली, लोकबहादुर गुरुङ र आमोद कोइराला थिए। सो अवसरमा रोटरी डिस्ट्रिक्टका पदाधिकारी, विभिन्न क्लबहरूका अध्यक्ष, विभिन्न संघसंस्थाका प्रतिनिधिको सहभागिता थियो। निवर्तमान अध्यक्ष इन्जिनियर लिगलले आफ्नो कार्यकाल सफल पार्न सहयोग गर्नेहरुलाई मायाको चिनो प्रदान गरेका थिए।

# पोउवा संघद्वारा देउखुरी उवा संघको प्रतिनिधिमण्डलाई स्वागत

**पोखरापत्र संवाददाता**
पोखरा, २२ साउन

पोखरा र दाङको देउखुरी उद्योग वाणिज्य संघ निजी क्षेत्रको हितका निम्ति समान एजेण्डासहित अगाडि बढ्न सहमत भएका छन्। दुवै उद्योग वाणिज्य संघबीच पर्यटन र सेवा क्षेत्रमा सहकार्यको सहमति पनि बनेको छ।

जिल्ला तथा नगर उद्योग वाणिज्य संघहरुको अध्ययन अवलोकन भ्रमणको क्रममा शुक्रबार पोखरा आएको देउखुरी उद्योग वाणिज्य संघको प्रतिनिधिमण्डललाई स्वागत गर्दै पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य गोकर्ण कार्कीले निजी क्षेत्रमाथि आइपर्ने समस्या समाधानका निम्ति साझा अवधारणा हुनुपर्नेमा जोड दिए। देशव्यापी संरचना रहेको नेपाल उद्योग वाणिज्य महासंघले निजी क्षेत्रको हितका लागि नेतृत्व लिनुपर्ने बताउँदै उनले जिल्ला-नगरमा रहेका उद्योगी/व्यवसायीहरुका समस्या केन्द्रमा पुऱ्याउने प्रतिवद्धता पनि व्यक्त गरे। अध्यक्ष कार्कीले पोखरा उद्योग वाणिज्य संघले सम्पादन गरेका असल अभ्यासबारे भ्रमण टोलीलाई जानकारी पनि गराएका थिए। देउखुरी उद्योग वाणिज्य संघका अध्यक्ष कमलजंग सिंह ठकुरीले लुम्बिनीको प्रदेश राजधानीसमेत रहेको देउखुरी क्षेत्रमा लगानीको प्रसस्त सम्भावना रहेको र खासगरी होटल,साहसिक पर्यटनलगायतका क्षेत्रमा पोखराबाट लगानीको अपेक्षा गरेको बताए। देउखुरीबाट भारतीय सीमा ३४ किलोमिटर तथा राम जन्मभूमि अयोध्या १३४ किलोमिटर टाढा रहेको बताउँदै उनले सो बाटो हुँदै भारत तीर्थयात्रामा जानको लागि पोखरेलीलाई सहजीकरण गर्न आफू तयार रहेको पनि बताए। पोखरा उद्योग वाणिज्य संघका उद्योगतर्फका उपाध्यक्ष दीनेशचन्द्र बास्तोलाको धन्यवाद रहेको कार्यक्रमको संचालन महासचिव शोभा गौतमले गरेकी थिइन् भने अन्तरर्क्रिया कार्यक्रममा दुवै उद्योग वाणिज्य संघका पदाधिकारी तथा कार्यसमिति सदस्यहरुले आपसी सहकार्यका विविध क्षेत्रबारे जिज्ञासा राखेका थिए।

## एसियाड ...

केजीमुनि रविन नेपालले प्रतिस्पर्धा गर्नेछन्। महिला ५१ केजीमुनि रमिशा श्रेष्ठ, ५४ केजीमुनि अस्मिता तामाङ र ६५ केजीमुनि कुसुम तामाङ सहभागी हुनेछन्।

खेलाडीले स्पोर्ट्स अथोरिटी अफ इन्डिया (साइ) अन्तर्गत नेसनल सेन्टर अफ एक्सिलेन्समा ४० दिन तयारी प्रशिक्षण गर्ने नेपाल बक्सिङ महासङ्घका सचिव पुष्करराज पन्तले जानकारी दिनुभयो। उहाँका अनुसार टोली त्यतैबाट जापान जानेछ। रविनबाहेक सबैको पहिलो एसियाड सहभागिता हो। रविनले १९औं एसियाली खेलकुदमा प्रतिस्पर्धा गरेका थिए। चन्द्र सन् २०२५ मा दुबईमा भएको आइबा विश्व पुरुष बक्सिङ च्याम्पियनसिपका ऐतिहासिक कास्य पदक विजेता पनि हुन्। चन्द्रको कास्य पदक नेपाली बक्सिङको इतिहासमा हालसम्मकै ठूलो हो। प्रशिक्षकमा राज श्रेष्ठ तथा दीपक महर्जन छन्। व्यवस्थापकमा नेपाल बक्सिङ महासङ्घका महासचिव मानबहादुर भण्डारी रहेका छन्। भण्डारी केहीसमय पछि भारत जानेछन्। एसियाली खेलकुदमा समग्रमा बक्सिङले तीन फरक संस्करणमा हालसम्म छ कास्य पदक जितेको छ। बक्सिङले दक्षिण कोरियाको सिओलमा सन् १९८६ मा भएको १० औं संस्करणमा पहिलोपटक पदक जितेको थियो। त्यसबेला दलबहादुर रानामगर, तुलबहादुर थापा, सुशील पोखरेल र मनोजबहादुर श्रेष्ठले कास्य पदक जितेका थिए। बाँकी दुई संस्करणमा बक्सिङले पदक जित्दै नेपाललाई पदकविहीन हुनबाट जोगाएको थियो।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरूका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# जिसस कास्कीले उपलब्धि र वार्षिक कार्ययोजना सार्बजनिक गर्यो

**पोखरापत्र संवाददाता**
पोखरा, २२ साउन



जिल्ला समन्वय समिति कास्कीले आर्थिक बर्ष २०८३-८४ को बार्षिक कार्ययोजना सार्बजनिक गरेको छ । समितिले शुक्रबार बिषेस संचारकर्मी भेटघाट कार्यक्रम आयोजना गरेर आफ्नो उपलब्धी र कार्ययोजना सार्बजनिक गरेको हो ।

सार्बजनिक गर्दै जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले नेपालको संविधानको धारा २२० अनुसार जिससका काम कर्तव्य र अधिकार, जिल्लाभित्रका गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने, विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सो को अनुगमन गर्ने,जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने, प्रदेश कानून बमोजिमका अन्य कार्यहरू गर्ने भन्ने उल्लेख भए मुताबिकका बिषयबस्तुलाइ प्राथमिकतामा राखिएको उल्लेख गर्नुभयो ।

प्रमुख पौडेलले बर्तमान संबैधानिक ब्यबस्थामा नै आफूहरूलाई काम गर्न भ्याई नभ्याई भएको र थप प्रभाबकारी कार्यसम्पादनका लागि केहि कानुन र स्रोत साधन आबश्यक भएको उल्लेख गर्दै सो बिषयमा पटक पटक प्रदेश सरकारलाइ आग्रह गरिएको भए पनि यथोचित ब्यबस्थापनका लागि प्रदेश सरकार गम्भीर नदेखिदा काम गर्न कठिनाइ भएको उल्लेख गर्नुभयो । उहाले नेपालको संबिधानमा प्रदेश कानून बमोजिमका अन्य कार्यहरू गर्ने भन्ने उल्लेख भएको र प्रदेश सरकार जिससहरूका लागि सो को ब्यबस्था गर्न उदासिन भएको उल्लेख गर्नुभयो । प्रमुख पौडेलका अनुसार स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९२, संघ प्रदेश र स्थानीय तह समन्वय तथा अन्तर सम्वन्ध ऐन २०७७ को दफा २६, गण्डकी प्रदेश स्थानीय तह सभा संचालन सम्बन्धि कार्यबिधी ऐन २०७५ को परिच्छेद ४ लगायत संघीय तथा प्रादेशिक कानून, कार्यविधि मापदण्ड, निर्देशिका तथा विभिन्न मन्त्रालयहरुवाट प्राप्त परिपत्रहरुले जिससको काम कर्तव्य र अधिकार तोकेको अवस्था रहेको र सोहि विधमान संविधान तथा कानुनले तोके अनुसार हाल आफूहरूले कार्यतालिका तिथि र मिति नै तोकेर निर्माण गरिएको यसको पूर्ण कार्यान्वयनमा प्रतिबद्द रहने उल्लेख गर्नुभयो । सार्बजनिक तालिका अनुसार जिससको नवौ स्थापना दिवसको अबसरमा कक्षा सात स्तरीय निबन्ध प्रतियोगिता र स्थानीय तह सिमा पुनरावलोकन सम्वन्धि अन्तरक्रिया कार्यक्रम सम्पन्न भैसकेको जानकारी दिइयो। त्यसै गरेर स्थानीय तहको असल अभ्यास अनुभव आदानप्रदान र वार्षिक समिक्षा कार्यक्रम,स्थानीय तह साझेदारी कार्यक्रम वारे छलफल तथा संझौता,विषयगत कार्यालयहरुको वार्षिक समिक्षा, आन्तरिक नियन्त्रण प्रणाली अनुगमन समिति वैठक, गैरसरकारी संस्थाहरुको वार्षिक समिक्षा, जिल्लामा जलविधुत उत्पादन कं तथा संस्थाहरु वीच अन्तरक्रिया कार्यक्रम, स्थानीय तहका वडा सदस्यहरुवीच सेवा प्रवाह असल अभ्यास र समस्या वारे अनुभव आदानप्रदान तथा अन्तरक्रिया कार्यक्रम, न्यूनतम पारिश्रमिक तथा श्रम ऐन कार्यान्वयन सम्वन्धमा सरोकारवालाहरुसंग अन्तरकृया कार्यक्रम,पालिकासंग जिल्ला समन्वय समिति कार्यक्रम, यातयात व्यवसायी ट्राफिक कार्यालय यातायात कार्यालय संग अन्तरकृया,जिल्ला समन्वय समितिका पदाधिकारी तथा कर्मचारी क्षमता विकास कार्यक्रम समेटिएका छन् । त्यस्तै सार्वजनिक तथा नीजि विधालयको शिक्षाको गुणस्तर मापदण्ड सम्वन्धमा सरोकारवालासंग छलफल तथा अन्तरकृया ,वालविकास केन्द्र र सिकाइ केन्द्र संग अन्तर कृया कार्यक्रम,स्थानीय शासन कार्यसम्पादन मुल्यांकनको कार्यान्वयन सम्वन्धि स्थानीय तहहरुसंग छलफल, अपांगता भएका व्यक्ति तथा संघसंस्थासंग अन्तरकृया, वालगृह संचालकहरुसंग अन्तरकृया, आन्तरिक नियन्त्रण प्रणाली अनुगमन समिति वैठक, उपभोक्ता समूहका पदाधिकारीहरुलाइ प्रशिक्षण, जिल्ला समन्वय समितिहरुवीच अन्तरजिल्ला अनुभव आदानप्रदान कार्यक्रम,जेष्ठ नागरिक सेवा केन्द्र तथा वृद्धा आश्रमहरु संचालकसंग अन्तर कृया तथा छलफल,अन्नपूर्ण संरक्षण क्षेत्र र प्रभावित स्थानीय तहवीच अन्तरक्रिया कार्यक्रम, स्थानीय तहका वडा अध्यक्ष वडा सचिवहरुवीच सेवा प्रवाह असल अभ्यास र समस्या वारे अनुभव आदानप्रदान तथा अन्तरक्रिया कार्यक्रम,पालिकासंग जिल्ला समन्वय समिति कार्यक्रम तालिकामा उल्लेख छन् ।

१० औ जिल्ला सभा, अर्धवार्षिक समिक्षा,स्थानीय तह स्वमूल्यांकन कार्यान्वय अनुगमन तथा छलफल, आन्तरिक नियन्त्रण प्रणाली अनुगमन समिति वैठक, प्रदेश तथा स्थानीय तहसंगको समन्वयमा संयूक्त अनुगमन, नदिजन्य तथा खानिजन्य पदार्थ डुगां गिटी वालुवा सम्वन्धि उधोगी व्यवसायी तथा सरोकार वाला निकाय विच अन्तरकृया, जिल्ला भित्रका संघ, प्रदेशका कार्यालय तथा स्थानीय तह र गैरसरकारी क्षेत्रवाट संचालित विकास निर्माण सम्वन्धि कार्यक्रमको विवरण तयार गरी विभिन्न चरणमा अनुगमन, आवस्यक सहजिकरण, सुझाव प्रदानर मार्गदर्शन दिने र दिइएका सुझावहरुको विभिन्न माध्यमवाट सार्वजनिकरण गर्ने जिससले आफ्नो कार्य योजनामा उल्लेख गरिएको जिल्ला समन्वय अधिकारी नवराज बराललले जानकारी दिनुभयो ।

सो अवसरमा गत आर्थिक बर्ष २०८२-८३ का मुख्य कार्य उपलब्धि समेत सार्बजनिक गरिएको थियो । प्रत्येक आर्थिक बर्षमा मा भएका गतिविधिका वारेमा नेपाल सरकारर मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय गण्डकी प्रदेश लाई वार्षिक प्रतिवेदन पठाउने,स्थानीय तहका प्रमखरअध्यक्ष उपप्रमुखर उपाध्यक्ष प्रमुख प्रशासकीय अधिकृतहरुको सहभागितामा असल अभ्यास अनुभव प्रस्तुती,गण्डकी आन्तरिक नियन्त्रण प्रणाली र आन्तरिक आय खर्च व्यवस्थापन कार्यविधि निर्माण गरिएको सुचना अधिकारी लक्शु शर्माले जानकारी दिनुभयो । छलफल तथा ५ वटै स्थानीय तह संग कार्य संझौता, कार्यालयगत प्रस्तुती र छलफल समिक्षा, गैर सरकारी संस्थाहरुको वार्षिक समिक्षा गरी प्रगति प्रतिवेदन वारे छलफल, कृषि तथा पशु विमा कार्यक्रम र यसका समस्या वारेमा सम्वद्ध कृषक तथा सरोकारवाला निकायहरुसंग छलफलत र अन्तरक्रिया, स्वास्थ्य विमा कार्यक्रम र यसका समस्या वारेमा सरोकारवालाहरुसंग छलफलत र अन्तरक्रिया स्थानीय तहहरुसंग पत्रचार अन्तरकृया तथा छलफल र मूल्यांकन, समस्या र सरोकारका विषयमा अन्तरकृया, विकास निर्माण तथा सेवा प्रवाहका सम्वन्धमा भए गरेका कार्य वारे प्रगति समिक्षा जिसस कास्कीले सम्पन्न गरेको जनैएको छ ।

गांउपालिकाका वडा अध्यक्ष तथा विषयगत शाखा प्रमुखहरुसंग सेवा संचालनका समस्या र समधान वारे अन्तरकृया तथा पञ्जिकरण वारे प्रशिक्षण, उत्खनन तथा उपयोग मापदण्ड र कार्यान्वय अवस्था वारे समिक्षा सरोकारवालावीच अन्तरकृया र भावी रणनीति वारे निर्णय, विगतका निर्णय समिक्षा र आगामी आ व को निति कार्यक्रम पारित,गाउँपालिका तथा नगरपालिका र वडाको संख्या तथा सिमाना हेरफेर र नगरपालिका वर्गीकरणको पुनरावलोकन सम्बन्धि मापदण्ड, २०८३ वारे जानकारी र केही भएमा अध्ययनको लागि लेखि पठाउन स्थानीय तहलाइ अनुरोध गरिएकोउल्लेख छ । प्रदेश सामाजिक विकास मन्त्रालय, प्रदेश वालकल्याण अधिकारी, स्थानीय तहका प्रतिनिधी सहित पोखरामा संचालित वालगृहहरुको अनुगमन, जिल्ला समन्वय समितिका पदाधिकारी तथा कर्मचारीहरुवीच अनुभव आदान प्रदान असल अभ्यास अनुकरण लम्जुंग, पाल्पा नवलपरासी, डोल्पा, गोरखा जिल्ला प्रदेश र स्थानीय तहहरुले सम्पादन गरेका कामहरुको अनुगमन र प्रतिवेदन, स्थानीय तहवाट समाजिक क्षेत्र महिला, वालवालिका, ज्येष्ठ नागरिक लगायतका सम्वन्धमा भए गरेका कार्यहरुको अनुगमन तथ्यांक संकलन र प्रतिवेदन,सम्पादित काम तथा भावी कार्यक्रमवारे छलफल,स्थानीय तहका समस्याहरु, फेवाताल अतिक्रमण, स्थानीय सरोकारका विषयमा अन्तरक्रया तथा छलफल,अनुगमन सुझाव प्रदान सार्वजनिकरण तथा ताकेता गर्ने सहितका कामहरू जिससले सम्पन्न गरेको छ ।

जिसस कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न पत्रकार भेटघाट कार्यक्रममा उप प्रमुख सरिता माल, जिल्ला समन्वय अधिकारी नवराज बराल, शाखा अधिकृत लक्षु शर्मा शर्माले जिससले सम्पादन गरेका काम र भावी योजनाका सन्दर्भमा प्रकाश पार्नु भएको थियो ।

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला पोखरा लेखनाथ महानगरपालिका वडा नं. १९ (साविक लामाचौर-२) निवासी भारतीय भु.पु.नं. 5843511N हनेरी नायब सुवेदार शिव वहादुर भण्डारी 4/9 GR को श्रीमतीको नागरिकतामा नामथर सेती भण्डारी र जन्ममिति वि.सं. २००९।१०।१५ तदानुसार सन् १९५३ जनवरी २८ उल्लेख भएको तर भारतीय पेन्सन अभिलेखमा नामथर सेती कुमारी भण्डारी र जन्ममिति सन् १९५३ जनवरी २९ उल्लेख भई फरक परेतापनि व्यक्ति एउटै भएको व्यहोरा सिफारिससाथ अनुरोध गरिन्छ भनी पोखरा लेखनाथ महानगरपालिका १९ नं. वडा कार्यालय, कास्कीको च.नं. ४४७ मिति २०७५।५।१५ को सिफारिसपत्रबाट लेखी आएको हुँदा सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय, कास्की

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : झमेला बढ्ने | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : शुभ यात्रा | मकर | : शारीरिक झमेला |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : आर्थिक समस्या | मीन | : मानसिक तनाब |

**हरिसिद्दि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# संघीयताको मर्म र चुनौतीमा पोखरेली विद्यार्थीको बहस

**पोखरापत्र संवाददाता**
पोखरा, २२ साउन



किशोर वयका विद्यार्थीले नेपालमा संघीयताका अवसर र चुनौतीबारे मन्थन गरेका छन् । संसदीय पत्रकार मञ्च गण्डकीले शुक्रबार पोखराको पश्चिमाञ्चल माध्यमिक विद्यालयमा गरेको का विद्यालयमै आयोजना गरेको वक्तृत्वकला प्रतियोगितामा सहभागी हुँदै उनीहरुले संघीय शासन व्यवस्थाका विविध आयामबारे धारणा राखेका हुन् । प्रतिस्पर्धामा सुजना पौडेल प्रथम भइन् । ११ जना प्रतिस्पर्धीलाई पछि पार्दै उनले उत्कृष्ट स्थान हासिल गरेकी हुन् ।

प्रतियोगितामा कुबेर पाण्डे दोस्रो र प्रशंसा शर्मा तेस्रो भए । अनिल यादवले सान्त्वना स्थान प्राप्त गरे । सहभागी कक्षा ११ र १२ का विद्यार्थीले संघीयताले नागरिकलाई अधिकार सम्पन्न बनाएको बताए । उनीहरुले सिंहदरबारको अधिकार गाउँसम्म पुग्नु संघीयताको सुन्दर पक्ष भएको उल्लेख गरे । प्रथम स्थान हासिल गरेकी सुजना पौडेलले संघीयताले स्थानीय पहिचानको संरक्षण गर्ने बताइन् । 'यसले स्थानीय स्तरका स्रोत साधनको परिचालन गर्दै राष्ट्रिय एकतालाई अझ मजबुत बनाएको छ,' उनले भनिन् । दोस्रो भएका कुबेर पाण्डेले संघीयताले नीति निर्माण तहमा महिला, दलित र जनजातिलाई स्थान दिएको तर्क गरे । 'हिजो काठमाडौं धाउनुपर्ने बाध्यता अन्त्य भएको छ, तर अधिकार बाँडफाँडमा अझै स्पष्टता चाहिएको छ,' उनले भने । प्रशंसा शर्माले व्यवस्था भन्दा पनि कार्यान्वयन पक्ष मुख्य हुने विचार राखिन् । 'संघीयता असफल भएको होइन, यसलाई सफल बनाउन इमानदार नेतृत्व र सक्षम प्रशासन चाहिन्छ,' उनले बताइन् । समृद्धि पौडेलले संघीयतालाई एउटा रुखसँग तुलना गर्दै केन्द्रलाई जरा, प्रदेशलाई हाँगा र स्थानीय तहलाई पातको संज्ञा दिइन् । उनले नागरिकलाई सो रुखको फलका रुपमा व्याख्या गरिन् । नेहा थापाले स्थानीय समस्या स्थानीय तहले नै राम्रोसँग बुझ्ने हुँदा विकासले गति लिएको दाबी गरिन् । अनुप विक र स्वस्तिक परियारले भने संघीयता खर्चिलो भएको र भ्रष्टाचार मौलाएको भन्दै चिन्ता व्यक्त गरे । 'दुर्गम क्षेत्रमा अझै विकासको अनुभूति हुन सकेको छैन, बजेटको सदुपयोग ठूलो चुनौती हो,' उनीहरुको तर्क थियो । संजय आचार्यले संघीयतालाई साझा भविष्यको आधार मानेका थिए । विद्यार्थीले नागरिकता र जन्मदर्ता जस्ता सेवा आफ्नै वडाबाट पाउनु संघीयताको सफलता भएको बताए ।

संसदीय पत्रकार मञ्चका पूर्वअध्यक्ष एवं कार्यक्रम संयोजक भरत कोइरालाले विद्यार्थीलाई संघीय शासन व्यवस्थाबारे सुसूचित गराउन कार्यक्रम गरिएको बताए । ' कानुन निर्माण प्रक्रिया र संसद्को क्षेत्राधिकारबारे नयाँ पुस्तालाई जानकारी गराउनु हाम्रो उद्देश्य हो,' कोइरालाले भने । पश्चिमाञ्चल माविका प्राचार्य सरोज कोइरालाले सामाजिक अध्ययन र व्यावहारिक सीपका लागि यस्ता बहस प्रभावकारी हुने बताए । विजेता विद्यार्थीलाई कोइरालाद्वयले प्रमाणपत्र र नगद पुरस्कार प्रदान गरे । प्रतियोगितामा नेहा थापा, उपासना बराल, करुणा जमकट्टेल, करुणा ओझा, अनुप विक र स्वस्तिक परियारले पनि प्रतिस्पर्धा गरेका थिए । निर्णायकको भूमिकामा शिक्षकद्वय आत्माराम अधिकारी र किरण अधिकारी थिए । कक्षा ११ मा कानुन अध्ययनरत भूमिका राना र किस्मत विशवकर्माले सञ्चालन गरेको कार्यक्रममा हायुन श्रेष्ठले समय व्यवस्थापनको काम गरिन् । ६० जनाभन्दा बढी विद्यार्थीको उपस्थिति रहेको सो कार्यक्रममा संघीयता र संसदीय प्रणालीबारे उत्साहजनक बहस भएको थियो ।

# करदाता प्रोत्साहन उपहारः दश लाखको 'बम्पर' पुरस्कार घोषणा

**रासस**
काठमाडौं, २२ साउन

करदाता प्रोत्साहन उपहारअन्तर्गत विजेताहरू घोषणा गरिएको छ ।

आन्तरिक राजस्व विभागले सुरु गरेको उक्त कार्यक्रमअन्तर्गत पहिलो चरणमा शुक्रबार अर्थमन्त्रालयमा आयोजित कार्यक्रममा अर्थमन्त्री डा स्वर्णिम वाग्लेले १५ जना विजेता र एक जना बम्पर उपहार विजेता छनोट गर्नुभयो ।

विभागका अनुसार बम्पर उपहार कार्यक्रमअन्तर्गत रु १० लाख कुपन नम्बर ००७३१५२५४४९३ लाई परेको छ । यो कुपन भएका व्यक्ति शिवकृष्ण जनरल स्टोरबाट रु २५० को सामान खरिद गरी कार्यक्रममा सहभागी भएका थिए । करदाता प्रोत्साहन उपहार कार्यक्रमको शुभारम्भ गर्दै अर्थमन्त्री वाग्लेले करदाता प्रोत्साहन उपहार कार्यक्रमले बिल लिने-दिने संस्कृतिको विकास गर्दै औपचारिक अर्थतन्त्रलाई बढावा दिन मद्दत मिल्ने बताउनुभयो । उहाँले चालु आर्थिक वर्षको बजेटमार्फत घोषणा गरिएको उक्त कार्यक्रमले सार्वजनिक वित्त प्रणालीलाई थप पारदर्शी बनाउनेमा विश्वास व्यक्त गर्नुभयो । "हामी बिलिङ कल्चरमा जानुपर्छ । सबै कारोबार अभिलेखमा आउनुपर्छ । नागरिकबाट कति कर उठ्यो र त्यो रकम कहाँ खर्च भयो भन्ने कुरा पारदर्शी रूपमा देखिने सार्वजनिक वित्त प्रणाली निर्माण गर्नु हाम्रो लक्ष्य हो", उहाँले भन्नुभयो । डिजिटल भुक्तानीमार्फत भएका कारोबार स्वतः प्रणालीमा अभिलेख हुने व्यवस्था गरिएको छ । पहिलो चरणमै करिब दुई करोड ५६ लाख कारोबार र ७६ अर्बभन्दा बढी रकमका प्रणालीमा समावेशभइसकेकोउल्लेखगर्दैउनले आगामी दिनमा मासिक कारोबार खर्बौं पुग्ने विश्वास अर्थमन्त्रीले व्यक्त गर्नुभयो । "कार्यक्रमले धेरै करदातालाई डिजिटल माध्यम प्रयोग गर्न, बिल लिन-दिन र करको दायरामा आउन प्रोत्साहित गर्छ", उहाँले भन्नुभयो, "राजस्व चुहावट नियन्त्रण गर्दै औपचारिक अर्थतन्त्र विस्तार गर्न यो कार्यक्रम प्रभावकारी हुनेछ।" सरकारले बिल बिजक (भ्याट बिल) लिने-दिने संस्कृतिलाई प्रवर्द्धन गर्दै आर्थिक कारोबारलाई पारदर्शी बनाउने उद्देश्यले 'करदाता प्रोत्साहन उपहार कार्यक्रम' सुरु गरेको हो । त्यस अवसरमा आन्तरिक राजस्व विभागका महानिर्देशक भीष्मकुमार भुसालले चालु आर्थिक वर्षको साउन १ देखि १५ गतेसम्म दैनिक तथा पहिलो पाक्षिकको बम्पर उपहारका विजेता कम्प्युटर प्रणालीमार्फत छनोट गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार विजेता छनोटका लागि ' क्रिप्टोग्राफिकली सेक्योर युनिफर्म र्‍यान्डम स्याम्पलिङ विथआउट रिप्लेसमेन्ट' विधि प्रयोग गरिएको छ ।

यस विधिबाट सबै कुपनले समान अवसर पाउने, एउटै कुपन एउटै छनोटमा दोहोरिन नसक्ने तथा छनोट प्रक्रिया पूर्ण रूपमा निष्पक्ष र सुरक्षित हुने उहाँको भनाइ छ । यही साउन १ देखि १५ गतेसम्म ७ हजार ७७ वटा नगद कारोबारबाट करिब ८ करोड २४ लाख रुपैयाँ बराबरको वस्तु तथा सेवा खरिदको विवरण विभागको वेबसाइटमा प्रविष्ट गरिएको छ । विवरणअनुसार तीन हजार ९१५ विक्रेतासँग भएका कारोबार समावेश छन् भने विद्युतीय भुक्तानीमार्फत दुई करोड ५६ लाख ८ हजार ९४ वटा कारोबार भएका छन् । कूल कारोबार रकम रु ७६ अर्ब ६० करोड तीन लाख २३ हजार ३८१ भएको छ । डिजिटल माध्यमबाट भएका कारोबार स्वतः उपहार कार्यक्रममा समावेश हुने व्यवस्था छ ।

# वायु प्रदूषण मापन केन्द्र ५६ पुर्‍याइने

**रासस**
काठमाडौं, २२ साउन

वातावरण विभागले वातावरण गुणस्तर अभिबृद्धिका लागि ३० वटा वायु प्रदूषण मापन केन्द्रको सङ्ख्या बढाएर ५६ पुर्‍याउन लागेको छ । देशका विभिन्न स्थानमा बढ्दो वायु प्रदूषणको अवस्था प्रभावकारी रूपमा अनुगमन गर्न मापन केन्द्र विस्तार गर्न लागिएको हो ।

"हाल ३० वटा वायु गुणस्तर मापन केन्द्र सञ्चालनमा छन् । अब यसलाई विस्तार गरी ५६ वटा पुर्‍याउने लक्ष्य राखेका छौँ," वातावरण विभागका महानिर्देशक ज्ञानराज सुवेदीले भन्नुभयो, "यस वर्ष नयाँ केन्द्र स्थापना गरिने स्थानको अध्ययन गरिनेछ ।

अध्ययनपछि प्राथमिकताका आधारमा चरणबद्ध रूपमा केन्द्र स्थापना गरिनेछ ।"

# घटना र विचार (ए वी सी सेन्ड्रम)

प्रा.डा. भवानीप्रसाद पाण्डे

कुनै पनि विषय वा घटनालाई आन्तरिक र बाह्य दुई प्रकारले हेर्ने गरिन्छ । आन्तरिक पक्ष गुदीजस्तो हो भने बाह्य भनेको बोक्रा हो । जस्तो केरा, आँप, सुन्तला आदि फलहरू हेर्दा पहिले त्यसको बोक्रा देखिन्छ । बोक्राभित्र गुदी रहेको हुन्छ । वस्तु वा घटनाको जे महत्त्व हुन्छ गुदीमा रहन्छ । कतिपय प्रसङ्गमा बोक्रामाथि पनि बोक्रा थपिने गरिन्छ । जस्तो कुनै पनि मानिस ब्युटिपार्लरमा गएर शृङ्गार गर्नु भनेको बोक्रामाथि बोक्रा थप्नु जस्तै हो । मानिस सोझो नबस्दा शरीर मात्र नभई बुद्धिसमेत बिग्रिएजस्तै बोक्रामाथिको बोक्राले पनि त्यस्तै प्रभाव पारेको हुन्छ । व्यावहारिक जीवनमा मानिस बोक्रैबाट पीडित र खुसी पनि हुन्छ ।

नराम्रो घटना वा कार्यको परिणाम पनि खराब नै आउँछ । मानिसहरूमा यस्तो आम बुझाइ रहेको पाइन्छ । त्यो कुरा सत्य होइन । यस कथनलाई एउटा कथाबाट बुझ्ने प्रयास गरौँ । एक जना युवा पाइलट थिए । विशेष सैनिक फाइटर विमान चलाउने गर्थे । उनको नाम हर्कबहादुर थियो । एक दिन उनले विमान स्थलमा एउटी केटीलाई देखे । उनका दृष्टिमा ती केटी असाध्यै राम्री लाग्यो । त्यस दिनदेखि उनी त्यस केटीको सोधखोज र अनुसन्धानतिर लागे । खोज्दै जाँदा उनी केटीका दिदीको सम्पर्कमा पुगे । हुन त केटीको एक जना प्रेमी छ भन्ने दिदीले सुनेकी थिइन् । अनुसन्धान गर्दै जाँदा अहिले उनीहरूको सम्बन्ध पातलिँदै गएको पनि बुझिन् । त्यसपछि बहिनीलाई पाइलटसँग विवाह गर्न प्रोत्साहित गर्न थालिन् । केटीको नाम रमा थियो । दिदीले बहुआयामिक तरिकाले सम्झाएपछि केटी विवाह गर्न तयार भई ।

केटीको पाइलटसँग विवाह भयो । विवाह भएकै राती सैनिक हेडक्वाटरबाट तुरुन्त हाजिर हुन आउनु भन्ने समाचार आयो । युद्ध सुरु भएको रहेछ । पाइलट हाजिर हुन हिँडिहाले ।

हर्कबहादुर गएको केही दिनपछि एउटा दुःखद समाचार आयो । समाचारमा भनिएको थियो "फाइटर प्लेनका पाइलट हर्कबहादुरको आफैले चलाएको प्लेन विस्फोट भएर मृत्यु भयो ।" समाचार पहिले रमाकी दिदीले सुनी । उसलाई थाहा थियो, बहिनी मुटु रोगी छ । यस्तो दुःखद समाचार सुन्दा अचानक उसको ज्यान पनि जान सक्छ । एकातिर यस्तो समाचार आएको छ भने अर्कोतिर यो समाचार बहिनीलाई नसुनाई पनि भएको छैन । अब के गर्ने ? उनले विभिन्न पाटाबाट सोच्दै गइन् । उनी पढेलेखेकी र अलि सचेत पनि थिइन् । अन्तिममा उनी एक जना मनोचिकित्सककहाँ गएर सम्पूर्ण समस्या राख्दै भनिन् "यी सबै कुरा बहिनीलाई सुनाउनु नै पर्दछ । सुनाउने कसरी ?" मनोवेत्ताले भने "हो यो परिस्थितिमा उसलाई धक्का नलाग्ने गरी यो समाचार सुनाउनु पर्दछ । यसका लागि मैले ती केटीलाई भेट्नु आवश्यक हुन्छ ।" भोलिपल्ट केटीकी दिदीका साथ मनोवेत्ता रमाका घरमा गए । दिदीले बहिनीलाई चियाखाजा बनाउन लगाइन् । खाजा खाएपछि मनोवेत्ताले यसो प्रसङ्ग मिलाउँदै र दार्शनिक शैलीमा कुराको उठान गर्दै भने "संसार बन्नका लागि नेगेटिभ र पोजेटिभ तत्वहरू मिल्नु पर्दछ । यसरी हेर्दा हरेक नेगेटिभ वस्तु, घटना आदि तत्वभित्र पोजेटिभको भाग रहेको हुन्छ भने हरेक पोजेटिभभित्र नेगेटिभ तत्व अवस्थित हुन्छ । अर्थात् संसार चल्नका लागि नेगेटिभ पोजेटिभ एकआपसमा मिल्नै पर्दछ । यो कुरा बोक्रा वा बाहिर देखिँदैन । घटना आदिको गहिराइमा पुग्दा मात्र थाहा हुन्छ ।" मनोवेत्ताले अर्को प्रसङ्ग मिलाएर केटीलाई सोधे "तिमीले हालसालै विवाह गरेकी रहिछौ । विवाह गर्नु राम्रो हो कि नराम्रो हो ?" केटीले भनी "राम्रो हो ।" मनोवेत्ताले भने "मानिसले चाहने सबैभन्दा ठूलो कुरा भनेको स्वतनत्रता हो । विवाह गरेपछि स्वतन्त्रताको हनन् भएको महसुस तिमीलाई पनि भयो कि ?" मनोवेत्ताका कुरा सुनेपछि केटीले यसो सोची- हो त नि म विवाह गर्नुभन्दा पहिले कति स्वतन्त्र थिएँ । प्रेमीसँग पनि मजासँग घुम्ने डुल्ने गर्दथेँ । त्यतिखेर अर्को केटासँग डुल्ने स्वतन्त्रता पनि थियो । अहिले त्यो स्वतन्त्रता छैन । सोच्दै जाँदा केटी अतीतमा पुगेर पहिले आफूले उपभोग गरेको स्वतन्त्रताको अनुभूति भित्रैदेखि गर्दै गई । अनुभूतिमा गइरँदै जाँदा त्यस्तो पो जिन्दगी भन्ने अवस्थामा पुगी । लामो समयसम्म मनोवेत्ताले यस्तै कुराहरू गर्दै गए । यी कुराहरूले केटीलाई कस्तो प्रभाव पारिरहेको छ ? उसको अनुहार र अन्य गतिविधिहरूको पनि अध्ययन गर्दै गए । कुराकानीको एउटा विन्दुमा पुगेपछि मनोवेत्ताले भने "तिम्रो लोग्ने प्लेन दुर्घटनामा परेर मरे भन्ने सुनिन्छ ।" उनका कुरा सुनेपछि केटी केही झसङ्ग भई, तर त्यतिखेर उसले आफ्नो पहिलेको प्रेमीलाई गहिरो तरिकाले सम्झिरहेकी थिई । सानातिना असमझदारीले गर्दा उसँग विवाह हुन सकेको थिएन । विवाहपछि असमझदारीहरू पनि हटेका थिए । प्रेमीसँग भेट भएको पनि थियो । यस्तो नराम्रो खबर सुन्दा पनि दुःखित भइन । बरु तुलनात्मक रूपमा खुसी नै भई ।

यस्तो दुःखद् र नराम्रो घटना सुन्दा पनि अपेक्षाकृत ऊ दुःखित किन भइन ? किनभने घटना नराम्रो भए पनि त्यतिखेर उसले राम्रो विचार गरेकी वा विचार राम्रो आएको थियो । स्पष्ट भयो, विचार राम्रो आयो भने घटनाले केही गर्दैन । घटना घट्छ, रोक्न सकिँदैन । त्यसलाई सम्हाल्ने विचारले हो । कुनै अज्ञात वा प्राकृतिक घटनाहरू घट्छन्, घटिरहेका हुन्छन् । त्यसलाई रोक्न वा बदल्न सकिँदैन । त्यसलाई सम्हाल्ने विचारले हो । विचार बदल्न सकिन्छ । त्यसले खुसी पनि ल्याउँछ । त्यसपछि केटी खुसी भई । पुरानो प्रेमिकासँग गुल्छरा उडाउन थाली । निश्चित समयपछि विवाह गर्ने निधो पनि गरे ।

खण्ड दुई

केही समयपछि समाचार आयो, हर्कबहादुर क्याप्टेन जसलाई मरे भनिएको थियो ती त जिउँदै रहेछन् । हर्के नाम गरेको पाइलट मरेको त रहेछ तर अर्को हर्के क्याप्टेन रहेछ । केटीको श्रीमान् होइन । मरे भनेका श्रीमान् बाँचेर आउनु राम्रो घटना हो । राम्रो भए पनि केटीका आफन्तले सुनाएनन् । क्याप्टेन आउँछन् आएपछि सबै थाहा भइहाल्छ भनेर सबै चुप लागे । उता पाइलटले सोचे "म मरिसकेँ भन्ने हल्ला भइसकेको रहेछ । अब म अचानक रातमा जान्छु र नव विवाहित दुलहीलाई सरप्राइज दिन्छु । यति सोचेर उनी घरमा गए । त्यतिखेर केटी आफ्नो प्रेमीको प्रतीक्षामा सोचमग्न थिई । त्यति नै खेर मरिसक्यो भनिएको लोग्ने अचानक आएको देख्दा केटी झसङ्ग भई । मुटुकी रोगी भएकी हुनाले त्यही झस्काइले ऊ मरी । मऱ्यो भनेको लोग्ने आउनु अत्यन्त पोजेटिभ घटना हो । तर त्यही घटनाले केटी मरी । यसरी स्पष्ट हुन्छ- मुख्य कुरा विचार हो । यदि विचार पोजेटिभ भयो भने नराम्रो घटनाले पनि आनन्द दिन्छ । नत्र यसको उल्टो परिणाम आउँछ । भनियो- घटना रोक्न सकिँदैन ।

अर्को उदारहण लिउँ । एकजना मानिस आत्महत्या गर्न खोज्छ । ऊ आत्महत्या गर्दा बाँचिएला भनेर डराउँछ । बाँच्न चाहनेलाई मरिएला भन्ने डर हुन्छ । यहाँ समस्या न मृत्यु हो न त जिन्दगीको । समस्या भनेको विचार हो । अर्थात् मानिसलाई बचाउने र सिध्याउने विचार हो । विचारमाथि नियन्त्रण गर्न सके समस्याको समाधान हुन्छ । यसबाट स्पष्ट भयो- मानिसलाई दुःख दिने कुनै छोराछोरी, स्वास्नी, लोग्ने, दाजुभाइ, छिमेकी आदि नभएर आफ्नै विचार हो । बुद्धले यही बुझेर दरबार छाडेका थिए ।

(यसको मूलसार एउटा अङ्ग्रेजी निबन्धबाट लिइएको हो । बुझ्न सजिलो होस् भनी पात्रहरूको नाम नेपालीमा जुराइएको छ । - पाण्डे)

साभार- गण्डकी संगम


HIMALAYANLIFE

प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल

फोन नं. ५९७००५७, पो.ब.नं. २५९७९

**हकदावी सम्बन्धि सूचना**

**यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | Gli0010017601 | अस्मिता रेग्मी | पुतली बजार-५, स्याङ्जा |
| २ | Gli 0610011605 | जस माया गुरुङ | अर्जुन चौपारी-२, स्याङ्जा |



## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, रुपा गाउँपालिका वडा नं. ०३ (साविक सिद्ध-३) निवासी भारतीय भु.पु.सै.न. ५२४६२८२F का बिमल बहादुर के.सी.को माग निवेदन अनुसार निजको श्रीमतीको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर राम देवी के.सी. उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा श्रीमतीको नामथर रमा देवी के.सी. उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक नामथर भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि रुपा गाउँपालिका ०६ नं. वडा कार्यालयको च.नं. १४ मिति २०८३।०४।१९ को सिफारिस पत्रबाट लेखी आएको हुँदा सम्बन्धित निकायको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय, कास्की


# लायन्स क्लबको निःशुल्क स्वास्थ्य शिविरमा एक सय ५० भन्दा बढी लाभान्वित

पोखरापत्र संवाददाता
पोखरा, २२ साउन




लायन्स क्लब अफ पोखरा नेचुरल टाउनको आयोजनामा पोखरा महानगरपालिका-३० शिशुवामा सम्पन्न वृहत् निःशुल्क स्वास्थ्य शिविरबाट एक सय ५० भन्दा बढी नागरिक लाभान्वित भएका छन् ।

शिशुवा ज्येष्ठ नागरिक समाजको सहयोग तथा लाइफ केयर डाइनेष्टिसको प्राविधिक सहयोगमा आयोजित शिविरमा बाथ, नशासम्बन्धी समस्या, मधुमेह, उच्च रक्तचापलगायत विभिन्न स्वास्थ्य समस्याको परीक्षण तथा स्वास्थ्य परामर्श दिइएको थियो ।

कार्यक्रम संयोजक एवं लायन्स क्लबका पूर्वअध्यक्ष सुन्दर शर्मा पौडेलले ज्येष्ठ नागरिकको स्वास्थ्यलाई सहज बनाउन शिविर आयोजना गरिएको बताउनुभयो । उहाँले आवश्यकता भएका स्थानमा सामाजिक सेवा पुऱ्याउने लायन्स क्लबको अभियानलाई निरन्तरता दिइने बताउनुभयो । पोखरा महानगरपालिका-३० का वडाध्यक्ष दुर्गाप्रसाद सुवेदीले ज्येष्ठ नागरिकको शारीरिक स्वास्थ्यसँगै मानसिक स्वास्थ्यमा पनि ध्यान दिनुपर्ने बताउनुभयो। उहाँले ज्येष्ठ नागरिकको सम्मान, स्वास्थ्य र सामाजिक सुरक्षाका लागि परिवार तथा समुदायको सहकार्य आवश्यक रहेको उल्लेख गर्नुभयो । लायन्स क्लब अफ पोखरा नेचुरल टाउनकी अध्यक्ष समीक्षा तिमिल्सेनाले ज्येष्ठ नागरिकप्रति सम्मान र सेवा गर्नु सबैको सामाजिक दायित्व भएको बताउनुभयो । उहाँले 'सेवा नै धर्म हो' भन्ने भावनाका साथ सामाजिक सेवाका कार्यक्रमलाई निरन्तरता दिइने जानकारी दिनुभयो । कार्यक्रममा लाइफ केयर अस्पताल पोखराका अध्यक्ष पुरुषोत्तम सुवेदी, डा. विद्याभूषण ताम्राकार, क्लबका सचिव बुद्धिराम सुवेदीलगायतले स्वास्थ्य तथा सामाजिक सेवाका विषयमा धारणा राख्नुभएको थियो ।

# बाघ र चितुवा अनुगमन र नियन्त्रण गर्न खोरसहित क्यामरा जडान

पोखरापत्र संवाददाता
चितवन, २२ साउन

डिभिजन वन कार्यालय चितवनले मानव बस्ती र आसपासका क्षेत्रमा बाघ र चितुवाको गतिविधि बढेपछि क्यामरा र खोरको व्यवस्थापन गरी अनुगमन थालेको छ ।

मानव बस्तीमा प्रवेश गर्ने बाघ र चितुवाको अनुगमन गर्न क्यामेरा जडान तथा नियन्त्रणमा लिन खोरको व्यवस्था गरिएको वन अधिकृत सुदीप हमालले जानकारी दिनुभयो । उहाँका अनुसार भरतपुर महानगरपालिका-१५ को अविनास पोल्ट्री परिसरमा 'ट्र्यापिङ'का लागि क्यामरासहित खोर राखिएको छ । त्यस नजिकै बाँसझ्याङमा अर्को क्यामेरा जडान गरिएको छ । सोही क्रममा पोल्ट्री परिसरमा खोरमा परेको चितुवाको बच्चा उद्धार गरी सौराहास्थित राष्ट्रिय प्रकृति संरक्षण कोषमा लगिएको छ । डिभिजन कार्यालयका अनुसार, बच्चा खोरमा परेपछि क्यामरा ट्यापिङमा एक माउ र अर्को बच्चासँगै बाहिर बसेको देखिएको थियो । त्यस ठाउँको झाडी फाँडेपछि माउ र बच्चा कृषि तथा वन विज्ञान विश्वविद्यालयको परिसर क्षेत्रमा गएको अनुमान छ । पछिल्लो समय क्याम्पस परिसरमा पनि खोर र क्यामराको व्यवस्थापन गरी नियमित अनुगमन गरिएको छ ।

भरतपुर महानगरपालिका-११ स्थित आँपटारीमा विद्युत् 'स्टेशन' क्षेत्रमा केही दिन पहिले कर्मचारीले बाघ आएको सूचना दिएपछि क्यामरा जडान गरिएको छ। बाघले स्थानीयको बाख्रा खाएको थियो । बाघले बाख्रा खाएको सूचनापछि प्रमुख जिल्ला अधिकारी गणेश अर्यालसहित सुरक्षा निकाय र वन कार्यालयका कर्मचारीको टोलीले त्यस क्षेत्रको स्थलगत अनुगमन गरेको थियो । टोलीले गरेको अनुगमनपछि कार्यालयको प्रवेशद्वार र भित्र क्यामरा जडान गरिएको छ । कार्यालयका प्रमुख विष्णुप्रसाद आचार्यले तीन वटै ठाउँमा क्यामरा जडान र खोर राख्ने काम भएको बताउनुभयो । त्यस क्षेत्रमा बाघ वा चितुवा खोरमा परेमा तत्काल उद्धार गरिने व्यवस्था मिलाइएको छ । यसैबीच, शारिरीक रुपमा कमजोर चितुवा र बाघले बच्चा हुर्काउने समयमा जङ्गल बाहिर जाने विज्ञहरूको भनाइ छ । जङ्गलभित्र अन्य जनावरबाट बच्चालाई आक्रमण हुन सक्ने भयले उनीहरू बाहिर गएको हुन सक्ने अनुमान छ ।

त्यस्ता हिंस्रक जनावरलाई जङ्गलभित्र सिकार गर्न गाह्रो भएपछि मानव बस्ती नजिक आई घरपालुवा जनावरको सिकार गर्ने गरेका घटना पाइएको छ ।


## एउटै व्यक्ति भएको सूचना



प्रस्तुत विषयमा जिल्ला बागलुङ (साविक धुल्लुबाँस्कोट गा.वि.स. वडा नं. २) हाल बरेङ गाउँपालिका वडा नं १ धुल्लुबाँस्कोट निवासी भारतीय पूर्व सैनिक नम्बर : जे सि ८८२०० पद : नायव सुबेदार हर्क बहादुर थापा पल्टन : १/३ गोरखा र ईफलबाट सेवा निर्वित्त प्रमाणपत्रमा निजको श्रीमती नेपाली नागरिकताको प्रमाण पत्र ५७५/७७४ मा नाम थर वलि देवि थापा र जन्म मिति २००४/११/१० ई.स. १९४८/०२/२२ भएको र निजको श्रीमतीको नाम थर भारतीय पेन्सन डकुमेन्टमा बलि देवी र जन्म मिति २००८/०३/०१ ई.स. १९५१/०६/१५ भै नाम थर तथा जन्म मिति फरक परेता पनि उल्लेखित दुई नाम थर भएको ब्यक्ति फरक नभई एउटै ब्यक्ति रहेको बरेङ गाउँपालिका वडा नं. १ धुल्लुबाँस्कोटको पत्र संख्या २०८३/०८४ च. न. ५२, मिति : २०८३/०४/२० गते को पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ ।

**जिल्ला प्रशासन कार्यालय, बागलुङ**



# पर्यटन विज्ञको सुझाव : निजी क्षेत्रमैत्री नीति, लचकदार कानुन र कडा नियमन आवश्यक

रासस
काठमाडौं, २२ साउन

पर्यटन क्षेत्रका विज्ञहरूले पर्यटन क्षेत्रलाई थप प्रतिस्पर्धी र निजी क्षेत्रमैत्री बनाउन नीति तथा कानुन लचकदार बनाउँदै कार्यान्वयन र अनुगमन भने कडा बनाउनुपर्ने सुझाव दिनुभएको छ ।

प्रतिनिधिसभाअन्तर्गतको अन्तराष्ट्रिय सम्बन्ध र पर्यटन समितिमा शुक्रबार पर्यटन विधेयक, २०८१ सम्बन्धमा भएको छलफलमा सहभागी जानकारहरू दीपेन्द्रपुरुष ढकाल, दीपकराज जोशी, बलसागर गिरी, स्मृतिकला पन्त र घनेन्द्र श्रेष्ठले निजी क्षेत्र पर्यटन उद्योगको प्रमुख चालक भएकाले सरकारको भूमिका सहजीकरण, प्रभावकारी नियमन र अन्तरनिकाय समन्वयमा केन्द्रित हुनुपर्ने समान सुझाव दिनुभयो । उहाँहरूका अनुसार पर्यटनसँग सम्बन्धित संस्थागत तथा प्रक्रियागत जटिलता हटाउन ऐन स्पष्ट, व्यावहारिक र लचकदार हुनुपर्ने तथा तीन तहका सरकारबीच अधिकारको स्पष्ट बाँडफाँटअनुसार दोहोरो कर र इजाजतसम्बन्धी समस्या समाधानका लागि साझा मापदण्ड तय गर्नुपर्छ । साथै, अन्तरराष्ट्रियस्तरको एडभेन्चर एकेडेमी स्थापना, समुदायमा आधारित तथा समावेशी पर्यटनलाई कानुनी प्राथमिकता, क्यासिनो, पर्वतारोहण, डिजिटल प्रविधि, कृत्रिम बुद्धिमत्ता 'एआई' र फोहर व्यवस्थापनजस्ता विषयलाई ऐनमा समेट्नुपर्ने उहाँहरूको सुझाव छ । काठमाडौँ विश्वविद्यालयका एसिस्टेन्ट प्रोफेसर एवं अनुसन्धानकर्ता स्मृतिकला पन्तले पर्यटनलाई आर्थिक गतिविधिमात्र नभई सामाजिक, सांस्कृतिक र राजनीतिक आयामसँग जोडिएको 'जीवित इकोसिस्टम'का रूपमा व्याख्या गर्दै समुदायमा आधारित तथा समावेशी पर्यटनलाई प्राथमिकता दिनुपर्ने बताउनुभयो । निजी क्षेत्रले पर्यटनको नेतृत्व गर्ने भएकाले सरकारले सहजीकरण र नियमनमा केन्द्रित हुनुपर्ने, संस्थागत तथा प्रक्रियागत झन्झट हटाई तथ्यमा आधारित नीति निर्माण र प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नुपर्ने उहाँको सुझाव थियो । पूर्वगभर्नर दीपेन्द्रपुरुष ढकालले नेपाल पर्यटन बोर्डजस्ता सफल संस्थागत संरचनालाई कमजोर पार्ने व्यवस्था नगर्न, पर्यटन विभागको भूमिका पुनरावलोकन गर्न, अनधिकृत पर्यटन व्यवसायलाई वैधानिक प्रणालीमा ल्याउन तथा पर्वतारोहण व्यवस्थापन व्यवस्थित बनाउनुपर्ने बताउनुभयो । नेपाल पर्यटन बोर्डका पूर्वप्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले नेपाललाई सांस्कृतिक सम्पदा, संस्कृति, मौसम, ध्यान, वेलनेसलगायत विविध पर्यटन उत्पादनमार्फत अन्तराष्ट्रिय बजारमा नयाँ ढङ्गले ब्रान्डिङ गर्नुपर्ने तथा ऐनमै पर्यटनका विभिन्न विधा र सम्भावनालाई समेटी पर्यटन गतिविधिलाई उदार बनाउनुपर्ने सुझाव दिनुभयो ।


## एउटै व्यक्ति भएको सूचना



गण्डकी प्रदेश तनहुँ जिल्ला साविक फिरफीरे गा.वि.स.-६ हाल शुक्लागण्डकी न.पा-१२ निवासी भारतीय भु.पु.सै.नं ५७५०७३९ X, दर्जा हवल्दार, पल्टन ५/८ जि.आर. का मेक बहादुर गुरुङ्को श्रीमती शशिकला गुरुङ्को नागरिकतामा नाम थर शशिकला गुरुङ (SHASHI KALA GURUNG), जन्म मिति वि.सं. २०२२/०५/०८ (२४-०८-१९८५ A.D.) भएको र निजको पेन्सन अभिलेखमा नाम थर शशिकला गुरुङ (SHASIKALA GURUNG), जन्म मिति वि.स. २०२३/०१/२८ (१०-०५-१९६६ A.D.) भई नाम थर र जन्म मिति फरक परेता पनि व्यक्ति एकै भएको भनी शुक्लागण्डकी न.पा-१२ को वडा कार्यालयको च.नं. ६० मिति २०८३/०४/१८ गतेको पत्रबाट सिफारिस भई आएकोले सोही व्यहोरा भारतीय पेन्सन प्रयोजनको लागि मात्र सिफारिस गरिन्छ ।

**जिल्ला प्रशासन कार्यालय, तनहुँ**